# राष्ट्रिय स्वतन्त्र पार्टीको ऊर्जा विकाससम्बन्धी प्रतिबद्धता

राष्ट्रिय स्वतन्त्र पार्टी

१. आगामी दशकभित्र ३०,००० मेगावाट जडित क्षमता हासिल गर्ने स्पष्ट लक्ष्यसहित “ऊर्जा विकास दशक”घोषणा गर्नेछौं।

२. ऊर्जा विकासलाई तीव्रता दिन भूमि, वन तथा वातावरण सम्बन्धी कानुनी जटिलता हटाई ऊर्जा मन्त्रालयमार्फत एकल बिन्दु सेवा (One-Stop Service) प्रणाली कार्यान्वयन गर्नेछौं।

३. हाल ८ मन्त्रालय र २३ विभाग धाउनुपर्ने व्यवस्था अन्त्य गर्दै सम्पूर्ण अनुमति तथा स्वीकृति प्रक्रिया ऊर्जा मन्त्रालयबाटै सम्पन्न हुने कानुनी व्यवस्था गर्नेछौं।

४. जलविद्युत् आयोजनाहरू समयमै सम्पन्न गर्न आवश्यक शान्ति–सुरक्षा सुनिश्चित गर्ने सम्पूर्ण जिम्मेवारी नेपाल सरकारले लिनेछ।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई विश्वसनीय, पारदर्शी र लगानीमैत्री वातावरणको प्रत्याभूति गर्दै निजी क्षेत्रको सक्रिय सहभागिता सुनिश्चित गर्नेछौं।

६. नयाँ ऊर्जा तथा जलस्रोत नीति तर्जुमा गरी उत्पादन, प्रसारण, वितरण र ऊर्जा व्यापारमा निजी क्षेत्रको सहभागिता विस्तार गर्नेछौं।



**ई. श्रीराम न्यौपाने**
प्रतिनिधि सभा सदस्य उमेदवार, तनहुँ क्षेत्र नः २
केन्द्रीय ऊर्जा तथा जलस्रोत विभाग प्रमुख, रास्वपा

७. विद्यमान ३५ वर्षे उत्पादन अनुमतिपत्र (Generation License) अवधि एकरूपता कायम गरी ५० वर्ष पुऱ्याउने कानुनी व्यवस्था गर्नेछौं।

८. आन्तरिक खपत वृद्धि गर्न उद्योग स्थापनाका लागि आवश्यक जग्गा तथा प्रसारण लाइन पूर्वाधार नेपाल सरकारले उपलब्ध गराउनेछ, साथै ऊर्जा–आधारित ठूला उद्योग (स्टील, सिमेन्ट, जडिबुटी, डाटा सर्भर, रासायनिक मल आदि) प्रवर्द्धन गर्नेछौं।

९. वितरण प्रणाली सुधार तथा विद्युत् शुल्क (Tarrif) पुनर्संरचना गरी घरेलु तथा औद्योगिक विद्युत् खपत वृद्धि गर्नेछौं, र सन् २०३५ सम्म प्रति व्यक्ति वार्षिक १,५०० किलोवाट आवर खपत पुऱ्याउने लक्ष्य हासिल गर्नेछौं।

१०. भारत र बङ्गलादेशसँग ऊर्जा कूटनीति सुदृढ गर्दै अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन ऊर्जा व्यापार सम्झौता, सीमा–पार प्रसारण पूर्वाधार विस्तार र स्थिर खरिद–बिक्री संयन्त्रमार्फत नेपाललाई विश्वसनीय ऊर्जा निर्यातकर्ता राष्ट्रका रूपमा स्थापित गर्नेछौं।